# शहिद लखन गाउँपालिका

# संस्था दर्ता, नविकरण तथा व्यवस्थापन कार्यविधि, २०७९

शहिद लखन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

घैरुङ्ग, गोरखा

**शहिद लखन गाउँपालिका, संस्था दर्ता, नविकरण तथा व्यवस्थापन कार्यविधि, २०७९**

**प्रस्तावनाः** शहिद लखन गाउँपालिका क्षेत्र भित्र कार्यक्षेत्र हुने गरी स्थापना हुने संस्थाहरुको दर्ता, नविकरण तथा खारेज प्रक्रियालाई व्यवस्थित गर्नुपर्ने भएकोले शहिद लखन गाउँपालिकाको संस्था दर्ता ऐन, २०७९ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यविधि तयार गरी पारित गरेको छ ।

## परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः** १) यस कार्यविधिको नाम "शहिद लखन गाउँपालिका, संस्था दर्ता, नविकरण तथा व्यवस्थापन कार्यविधि, २०७९ " रहेक छ ।

२) यो कार्यविधि शहिद लखन गाउँपालिकाको राजपत्रमा प्रकाशन भए पश्चात लागू हुनेछ ।

३) यो कार्यविधि शहिद लखन गाउँपालिका भित्र मात्र लागू हुने छ ।

## परिच्छेद-२

## परिभाषा

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क) "ऐन" भन्नाले शहिद लखन गाउँपालिकाको सस्था दर्ता ऐन, २०७९  सम्झनुपर्छ।

ख) "गाउँपालिका" भन्नाले शहिद लखन गाउँपालिका सम्झनुपर्छ ।

ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शहिद लखन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

घ) "दर्ता अधिकारी" भन्नाले प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी सम्झनु पर्दछ ।

## परिच्छेद-३

## संस्था दर्ता प्रक्रिया र नविकरण

**३. नाम भिडान गर्नुपर्नेः** १) संस्था दर्ता गर्न इच्छुक व्यक्तिहरुले संस्थाको नाम र उद्देश्य पहिला नै किटान गरी सो नामको संस्था पहिले नै गाउँपालिकामा दर्ता भए/नभएको गाउँपालिकाको कार्यालयबाट यकिन गर्नुपर्नेछ।

**४. भेलाबाट निर्णय गर्नुपर्नेः** १) संस्था दर्ता गर्न इच्छुक व्यक्तिहरुको तदर्थ समितिको कम्तिमा ३ गुणा बढी संख्यामा भेला आयोजना गरी अनुसूची १ बमोजिमको निर्णयहरु गरी सबैले हस्ताक्षर गर्नु पर्नेछ ।

२) पहिलो भेला बाट गठन भएको तदर्थ समितिको बैठकले अनुसूची २ बमोजिमको निर्णयहरु गर्नु पर्नेछ ।

**५. संस्थाको नाम र विधानः** १) संस्थाको नाम राख्दा सम्भव भएसम्म नेपाली शब्दकोषमा भएका शब्दहरुबाट चयन गर्नुपर्नेछ।

२) संस्थाको नाम तथा विधानमा नेपाल भन्दा बाहिर कार्यक्षेत्र बुझाउने शब्दहरु जस्तै विश्व, अन्तर्राष्ट्रिय अन्य देशका नामहरु, धर्महरु जस्तै हिन्दू, बौद्ध, इसाई, इस्लाम लगायत, प्रतिष्ठान, ट्रष्ट, उपभोक्ता समिति, गुठी, संस्थान, विकास समिति लगायतका  शब्दहरुका साथै विभिन्न धर्म जातजाति तथा सम्प्रदायको आस्थामा ठेस पुग्ने शब्दहरु संस्थाको नाम र विधानमा उल्लेख गर्न पाइने छैन ।

३) संस्थाको उद्देश्यहरु गैर राजनीतिक, गैरनाफामूलक सामाजिक संस्थासँग सम्बन्धित विषयहरु मात्र उल्लेख गर्नुपर्नेछ ।

४) व्यवसायसँग सम्बन्धित व्यक्तिहरु सदस्य रहने संस्था भए सिन्डिकेट/कार्टेलिङ तथा बजारको प्रतिस्पर्धा नियन्त्रण गर्ने खालका उद्देश्यहरु राख्न पाइने छैन ।

**६. निवेदन दिनु पर्नेः** १) ऐन बमोजिम संस्था दर्ता गर्न चाहने व्यक्तिहरुले रु. १ हजार रुपैयाँ दस्तुर सहित दर्ता अधिकारी समक्ष अनुसूची ३ बमोजिमको निवेदनसाथ तपसिल बमोजिमको कागजातहरु पेश गर्नु पर्नेछ ।

क) सम्बन्धित वडाको सिफारिस,

ख) नेपाली कागजमा प्रिन्ट गरिएको तदर्थ समितिका सम्पूर्ण पदाधिकारीहरुले प्रत्येक पानामा हस्ताक्षर गरेको ४ प्रति संस्थाको प्रस्तावित विधान

ग) संस्थाको तदर्थ समितिका पदाधिकारी तथा सदस्यहरुको नाम, ठेगाना, सम्पर्क नं. इमेल हस्ताक्षर र फोटो सहितको विवरण

घ) स्वयंले प्रमाणित गरेको तदर्थ समितिका सबै पदाधिकारीहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

ङ) संस्था दर्ता सम्बन्धि निर्णयको प्रतिलिपि

छ) व्यापार, व्यवसाय सञ्चालन गरेका व्यवसायीहरुको संस्था भएमा संस्थाका पदाधिकारीहरुले सञ्चालन गरेको व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

**७. संस्था दर्ता प्रक्रियाः** (१) दफा ६ बमोजिम निवेदन प्राप्त भए पश्चात कार्यालयले निम्न प्रक्रिया पुरा गर्नुपर्नेछः

क) संस्थाको नाम र उद्देश्यका सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभाग तथा निकायको राय प्रतिक्रिया तथा सहमति लिनुपर्ने भएमा सो को लागि पत्रचार गर्नुपर्नेछ ।

ख) तदर्थ समितिका पदाधिकारीहरुको चालचलन सम्बन्धि प्रहरी प्रतिवेदनका लागि जिल्ला प्रहरी कार्यालयमा पत्राचार गर्नुपर्नेछ ।

ग) तदर्थ समितिका सबै जनालाई अनिवार्य रुपमा आफ्नो नागरिकता प्रमाणपत्र सहित उपस्थित भई मेरो विवेक, मेरो जानकारीमा बिना कुनै करकाप, डरत्रास, मेरो पूर्ण सहमतिमा संस्था गर्दा गर्न राजि भएको व्यहोराको सनाखत गराउनु पर्नेछ ।

**८. संस्था दर्ता गर्न इन्कार गर्न सक्नेः** (१) देहायका अवस्थामा दर्ता अधिकारीले संस्था दर्ता गर्न इन्कार गर्न सक्नेछ

क) संस्थाको नाम, चिन्ह वा उद्देश्य वा काम कारबाई मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रियता, राष्ट्रिय एकता वा राष्ट्रिय स्वाधीनता प्रतिकूल हुने देखिएमा,

ख) संस्थाको नाम, उद्देश्य वा काम कारबाही नेपालको संविधान वा प्रचलित कानुन विपरित भएमा,

ग) समस्थाको उद्देश्य वा काम कारबाही सर्वसाधारणको शिष्टता, मार्यादा, सदाचार वा सार्वजनिक नैतिकता प्रतिकूल भएको देखिएमा,

घ) संस्थाको नाम यस अघि नै दर्ता भईसकेको अन्य कुनै संस्थाको नामसँग हुबहु मिलेमा वा त्यस्तो संस्थाको नामलाई भ्रम पार्ने वा द्विविधा पार्ने प्रकृतिको भएमा

ङ) दफा ६ बमोजिमको कागजात वा विवरणहरु उपलब्ध नगराएमा,

२) उपदफा १ बमोजिमको कुनै अवस्था उत्पन्न भएको कारणले संस्था दर्ता गर्न नसकिने भएमा प्रमुख प्रशासकीय अधिकृतले सोको कारण खुलाई त्यस्तो अवस्थामा सुधार गरी विधान मस्यौदा गर्न १५ दिनको समय दिनेछ र सो बमोजिम सुधार गरेको विवरण पेश गरेमा प्रमुख प्रशासकीय अधिकृतले संस्था दर्ता गर्नु पर्नेछ ।

३) उपदफा २ बमोजिमको विवरण पेश नभएमा त्यस्तो निवेदन स्वतः निष्कृय हुनेछ ।

**९. संस्थाको दर्ता र प्रमाण-पत्रः** १) दफा ६ बमोजिम निवेदन प्राप्त भएपछि दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा निजले अनुसूची ४ बमोजिमको दर्ता किताबमा संस्था दर्ता गर्नुपर्नेछ र त्यसरी दर्ता गरी सकेपछी अनुसूची ५ बमोजिमको दर्ताको प्रमाण-पत्र दिनुपर्नेछ ।

**१०. दर्ताको अवधि, नविकरणः** १) दफा ९ बमोजिमको दर्ता प्रमाणपत्र एक आर्थिक वर्ष सम्म बहाल रहने छ ।

२) उपदफा १ बमोजिम संस्थाको दर्ता वहाल रहने अवधि समाप्त भएको मितिले तीन महिना भित्र सम्बन्धित व्यक्तिले दर्ता अधिकारीबाट दर्ता प्रमाणपत्र नविकरण गर्नु पर्नेछ ।

३) संस्था नविकरणका लागि अनुसूची ५ बमोजिमको निवेदन सहित तपसिलको कागजातहरु पेश गर्नु पर्नेछ ।

क) संस्थाको लेटरप्याडमा वर्तमान कार्यसमितिको प्रमाणित नामावली,

ख) कूल साधरण सदस्य संख्या खुलाइएको नामावली सहितको प्रमाणित विवरण र साधारण सभामा उस्थित सदस्य संख्याको विवरण,

ग) विधान सम्मत साधारण सभाले चालु आ.व.को लेखा परीक्षक नियुक्ति, सम्बन्धित आ.व.को लेखा परीक्षण प्रतिवेदन, वार्षिक प्रगति प्रतिवेदन र कार्य समितिको छनौट गरेको निर्णयहरु अध्यक्ष र सचिवले प्रमाणित गरेको प्रतिलिपि,

घ) लेखा परीक्षण प्रतिवेदन र वार्षिक प्रगति प्रतिवेदन,

ङ) संस्थाको पान दर्ता प्रमाण पत्रको प्रतिलिपि र करचुक्ता प्रमाणपत्र,

च) बैदेशिक सहयोगको कार्यक्रम संचालन गरेको भए समाज कल्याण परिषद्को कार्यक्र स्वीकृत पत्र र कार्यक्रम अनुगमनको प्रतिवेदन, संघीय सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यक्रम सञ्चालन गरेको भएमा सम्बन्धित निकायको स्थलगत अनुगमन प्रतिवेदन र कार्यसम्पादन प्रतिवेदन सहितको सिफारिस ।

छ) बाल गृह संचालन सम्बन्धी संस्था भए बालगृह शःशुल्क वा निःशुल्क सञ्चालन गरेको खुल्ने गरी स्थलगत अनुगमन समहितको प्रमाणित प्रतिवेदन समेत खुलेको सम्बन्धित स्थानीय तहको सिफारिस ।

ज) लेखा परीक्षकको दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

छ) नविकरण दस्तुर तिरेको रसिद सक्कल प्रति

४) उपदफा (२) र (३) बमोजिमका कागजातहरु प्राप्त भए पश्चात् अनुसूची ६ बमोजिमको विवरणहरु राखि नविकरण गर्नुपर्नेछ ।

५) नविकरण दस्तुरः

क) म्याद वहाल अवधि सकिएको ३ महिना भित्र रु. ५००,

ख) वहाल अवधि सकिएको ६ महिना भित्र थप रु. १००,

ग) वहाल अवधि सकिएको सोही आर्थिक वर्ष भित्र थप रु. २५०,

घ) म्याद नाघेपछि अर्को आर्थिक वर्षको लागि थप रु. ५०० को दरले दुई आर्थिक वर्षको लागि थप रु. १०००

६) उपदफा (१), (२), (३), (४) र (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि म्यादभित्र नविकरण नगराइएका संस्थाहरुले दर्ताको प्रमाणपत्र नविकरण हुन नसकेको मनासिव कारण देखाई नविकरणको लागि निवेदन दिएका प्रत्येक आर्थिक वर्षको लागि लाग्ने नविकरण दस्तुरको अतिरिक्त प्रत्येक आर्थिक वर्षको लागि एक हजार रुपैयाँका दरले थप जरिवाना समेत लिई दर्ता अधिकारीले त्यस्तो दर्ता प्रमाणपत्र वनिकरण गरिदिन सक्नेछ ।

## परिच्छेद-३
## संस्थाको उद्देश्यका लागि गर्नुपर्ने काम

**११. विधान संशोधनः** १) संस्थाको तत्काल कायम रहेको कूल सदस्य मध्ये कम्तिमा दुई तिहाई सदस्य उपस्थित भएको साधारण सभाको बैठकमा कम्तिमा दुई तिहाई बहुमतबाट बिधानको संशोधन पारित हुन सक्नेछ।

२) उपदफा १ बमोजिम पारित भएको विधानको संशोधन स्वीकृतिका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

३) उपदफा २ बमोजिम पेश भएको संशोधन अध्ययन वा जाँचबुझ गर्दा दफा ८ बमोजिम इन्कार गर्न सकिने प्रकृतिको भएको नदेखिएमा दर्ता अधाकरीले निवेदन प्राप्त भएको एक्काईस दिन भित्र संशोधन स्वीकृत भएको लिखित जानकारी सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

४) उपदफा ३ बमोजिम स्वीकृत भएको संशोधन विधानको अभिन्न अंग हुनेछ र स्वीकृत भएको मितिबाट संशोधित विधान प्रारम्भ हुनेछ ।

**१२. वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेः** १) संस्थाले प्रत्येक आर्थिक वर्ष प्रारम्भ भएको तीन महिना भित्र अधिल्लो आर्थिक वर्षमा त्यस्तो संस्थाले सञ्चालन गरेको काम, कारबाहीको वार्षिक प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

२) उपदफा १ बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त देहायको विवरण संलग्न गर्नु पर्नेछ ।

क) संस्थाले संचालन गरेको कार्यक्रम वा परियोजनाको विवरण,

ख) कार्यक्रम वा परियोजना सञ्चालन गर्दा लागेको रकम तथा त्यसको श्रोत,

ग) कार्यक्रम वा परियोजनाको सञ्चालनबाट प्राप्त लाभ र लाभग्राहीको विवरण,

घ) संस्थामा संलग्न कर्मचारी र कारमदारको विवरण,

ङ) संस्थाको आर्थिक प्रतिवेदन,

च) अन्य आवश्यक विवरण

**१३. संस्थाले गर्न सक्ने कामः** १) संस्थाले आफ्नो उद्देश्य पूरा गर्न ऐन, प्रचलित कानुन तथा विधानको अधीनमा रही आवश्यक काम गर्न सक्नेछ ।

२) संस्थाले उपदफा १ बमोजिम उद्देश्यसँग निकटतम सम्बन्ध राख्ने अन्य आवश्यक काम पनि गर्न सक्नेछ ।

३) उपदफा १ तथा २ को सर्वसामान्यतामा प्रतिकूल नहुने गरी संस्थाले खास गरी देहायका काम गर्न वा गराउन सक्नेछ

क) आफ्नो उद्देश्य कार्यान्वयनका लागि आवश्यक कार्यक्रम तर्जूमा गर्ने र त्यसको कार्यान्वयन गर्ने ,

ख) कार्यक्रम कार्यान्वयन गर्न आवश्यक स्रोत जुटाउने,

ग) विधानको अधीनमा रही आफ्नो कार्यक्षेत्र भित्र शाखा कार्यालय खोल्ने र त्यस मार्फत् कार्य सम्पादन गर्ने,

घ) संस्थाको बजेट तर्जूमा गरी कार्यान्वयन गर्ने,

ङ) आफ्नो उद्देश्य पूरा गर्नका लागि सदस्यहरुलाई वा स्वयम् सेवकलाई परिचालन गर्ने,

च) आफ्नो उद्देश्य कार्यान्वयन गर्न कर्मचारी, कामदार वा सल्लाहकार नियुक्ति गर्ने र निजहरुको पारिश्रमिक, सुविधा र सेवाका शर्त निर्धारण गर्ने,

छ) संस्थाको चल वा अचल, भौतिक वा अभौतिक र मूर्त वा अमूर्त सम्पत्तिको संरक्षण गर्ने,

ज) आफ्नो उद्देश्य पूरा गर्न आवश्यक पर्ने सामग्री प्रकाशन गर्ने र प्रचार प्रसार गर्ने,

झ) सामाजिक सचेतना र सामाजिक जागरण प्रवर्द्धन गर्ने,

ञ) कुनै व्यक्ति, संस्था, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त दान, अनुदान वा सहायता स्वीकार गर्ने,

ट) नागरिक संस्कृतिको जगेर्ना र प्रबर्द्धन गर्ने,

ठ) सामाजिक सेवा  स्वयम् सेवाको भावनाको प्रवर्द्धन र विस्तार गर्ने,

४) उपदफा ३ को खण्ड च बमोजिम कर्मचारी नियुक्ति गर्दा खुला प्रतिस्पर्धाबाट गर्नु पर्नेछ ।

**१४) अनुमति प्राप्त गर्नुपर्नेः** १) संस्थाले आफ्नो उद्देश्य पूरा गर्न वा उद्देश्य पूरा गर्न सम्पादन गर्न सक्ने अन्य काम गर्न प्रचलित कानुन बमोजिम कुनै अधिकारी वा निकायबाट छुट्टै अनुमतिपत्र वा इजाजतपत्र लिनु पर्ने रहेछ भने त्यस्तो काम गर्नु अघि संस्थाले त्यस्तो अनुमतिपत्र वा इजाजतपत्र प्राप्त गर्नुपर्नेछ र संस्था दर्ता भएको वा विधान स्वीकृत भएको कारणले मात्र संस्थाले त्यस्तो उद्देश्य पूरा गर्न वा उद्देश्य पूरा गर्न सम्पादन गर्ने अन्य काम गर्न स्वतः त्यस्तो अनुमतिपत्र वा पजाजतपत्र प्राप्त गरेको मानिने छैन ।

**१५) संस्थाले गर्न नहुने र गर्न नसक्ने कामः** १) ऐन तथा कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले देहायको काम गर्न वा गराउन हुँदैनः

क) नेपालको सर्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा स्वाधिनतामा खलल पार्ने,

ख) मुलुकको बिरुद्ध जासुसी गर्ने वा गराउने,

ग) संस्थाको जानकारीमा आएका राष्ट्रिय गोपनीयता भङ्ग गर्ने,

घ) नेपालको सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य सङ्गठन वा प्रतिनिधिलाई सहयोग गर्ने,

ङ) कानुन बमोजिम राज्यद्रोह हुने

च) जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने,

छ) विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचको सुसम्बन्धमा खलल पार्ने,

ज) हिंसात्मक कार्य गर्न दुरुत्साहन दिने वा हिंसाको प्रचार प्रसार गर्ने वा गराउने ।

२) उपदफा १ मा उल्लेख भएको कामका अतिरिक्त संस्थाले देहायका काम गर्न सक्ने छैनः

क) सार्वजनिक नैतिकताको प्रतिकूल हुने कुनै काम गर्ने वा गराउने,

ख) कुनै व्यापार, व्यावसाय वा पेश संचालन गर्ने वा मुनाफा कमाउने वा मुनाफा वितरण गर्ने वा गराउने,

ग) दलगत राजनीतिक काम, कारबाही संचालन गर्ने वा कुनै दलको पक्ष वा विपक्षमा प्रचार प्रसार गर्ने वा गराउने,

घ) उपदफा १ मा लेखिएकोमा बाहेक प्रचलित कानुन प्रतिकूल हुने अन्य कुनै काम गर्ने वा गराउने ।

३) संस्थाले वा संस्थाको तर्फबाट उपदफा १ र २ बमोजिम कुनै काम गरेको भएमा त्यस्तो काम जुन व्यक्तिले गरेको हो सोही व्यक्ति र त्यस्तो व्यक्ति पहिचान हुन नसकेमा सम्बन्धित संस्थाको कार्यकारी समितिका पदाधिकारी जिम्मेवार रहनेछन् ।

## परिच्छेद-५
## संस्थाको निलम्बन तथा विघटन

**१६. संस्था वा पदाधिकारीको निलम्बनः** १) देहायको अवस्थामा देहायको अवधिका लागि कुनै संस्था स्वतः निलम्बन भएको मानिनेछ ।

क) कुनै संस्थाले दफा १० बमोजिम संस्था नविकरण नगराएमा नवीकरण गराउनु पर्ने अन्तिम म्याद समाप्त भएको मितिले ६ महिना अवधि सम्म,

ख) कुनै संस्थाले दफा १२ बमोजिम पेश गर्नु पर्ने वार्षिक प्रतिवेदन पेश नगरेमा त्यस्तो प्रतिवेदन पेश गर्नु पर्ने अन्तिम म्याद समाप्त भएको मितिले सोही आर्थिक वर्षको अन्तिम दिनसम्को अवधिमा नबढाई त्यस्तो प्रतिवेदन पेश नगरे सम्म ।

२) उपदफा १ बमोजिम निलम्बन भएको संस्थाले निलम्बनको अवधिभित्र नविकरण नगराएमा वा वार्षिक प्रतिवेदन पेश नगरेमा नविकरण गराएको वा प्रतिवेदन पेश गरेको मितिबाट स्वतः निलम्बन अन्त्य हुनेछ ।

३) कार्यकारी समितिको कुनै पदाधिकारी वा सदस्यलका विरुद्ध कानुन बमोजिम मुद्दा दायर भएमा वा प्रचलित कानुन बमोजिम निज थुनामा रहेको अवधि भर निज स्वतः निलम्बन हुनेछ ।

४) उपदफा १ बमोजिम संस्था निलम्बन भएमा निलम्बन् फुकुवा हुनका लागि गर्नु पर्ने आवश्यक काम बाहेक अन्य कुनै काम गर्न सक्ने छैन ।

**१७. संस्थाको विघटनः** १) देहायका अवस्थामा दर्ता अधिकारीले संस्था विघटन गर्ने आदेश दिन सक्नेछः

क) बिधान बमोजिम साधरण सभाबाट संस्था विघटन गर्ने प्रस्ताव पारित गरी कार्यकारी समितिले दर्ता अधिकारी समक्ष निवेदन दिएमा,

ख) ऐन वा विधान बमोजिम संस्थाको उद्देश्य पूरा गर्नका लागि कार्य संचालन गर्न नसकेको कारण देखाई कार्यकारी समितिले संस्था विघटन गर्न दर्ता अधिकारी समक्ष निवेदन दिएमा,

ग) दफा १६ बमोजिम संस्था निलम्बनको अवधिभर संस्थाले आफ्नो काम कारबाही सुधार नगरेमा ।

२) कुनै संस्था वा संस्थाको तर्फबाट वा त्यस्तो संस्थाभित्र १५ बमोजिमको कसूर वा संगठित अपराध गरेको अदालतबाट ठहर भएमा त्यस्तो संस्ता स्वतः विघठन भएको मानिनेछ ।

तर त्यस्तो कसूर वा अपराध भएको विषय सम्बन्धित संस्थाले अधिकार प्राप्त अधिकारीलाई जानकारी दिएमा वा त्यस्तो कसूर वा अपराध गर्ने व्यक्तिलाई मुद्दा दायर हुनु अघि सदस्यबाट हटाएमा त्यस्तो संस्था विघटन हुने छैन ।

३) उपदफा १ वा २ बमोजिमको कारण उत्पन्न भएमा दर्ता अधिकारीले १५ दिनको समय दिई संस्था विघटन गर्नु नपर्ने कारण भए त्यसको स्पष्टीकरण पेश गर्न सम्बन्धित संस्थालाई मौका दिनु पर्नेछ ।

४) उपदफा ३ बमोजिम पेश गरेको स्पष्टीकरण सन्तोषजनक र मनासिव देखिएमा सम्बन्धित संस्थालाई सुधार गर्ने शर्तमा संस्थालाई आफ्नो उद्देश्य पूरा गर्न दिइनेछ ।

५) उपदफा ३ बमोजिम स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संस्था विघटन गर्न आदेश दिनेछ ।

६) यस दफा बमोजिम संस्था विघटनको आदेशमा चित्त नबुझ्ने संस्थाले जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**१८. विघटन भएको संस्थाको सम्पत्तिः** १) दफा १७ बमोजिम कुनै संस्था स्वतः विघटन भएमा वा दर्ता अधिकारीले त्यस्तो संस्था विघटन गर्न गर्ने आदेश दिएमा त्यसरी विघटन भइको संस्थाको सम्पत्ति गाउँपालिकामा स्वतः हस्तान्तरण भएको मानिनेछ ।

२) उपदफा १ बमोजिम गाउँपालिकामा हस्तान्तरण भइको सम्पत्तिको स्वामीत्व एक वर्षसम्म गाउँपालिकाले राख्नुपर्नेछ र एक वर्ष पछि गाउँपालिकाले चाहेमा त्यस्तै प्रकृतिको उद्देश्य भएको अन्य कुनै संस्थालाई हस्तान्तरण गर्न वा अन्य कुनै कल्याणकारी काममा प्रयोग गर्न सक्नेछ ।

## परिच्छेद-५
## विविध

**१८. विविधः** यस कार्यविधि कार्यान्वयनको सम्बन्धमा कुनै द्विविधा भएमा सोको ब्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकामा हुनेछ ।

## अनुसूची १

### दफा ४ को उपदफा १ सँग सम्बन्धित

### पहिलो बैठकको निर्णय ढाँचा

आज मिति २०.............. साल..................... महिनाको ................. गते .................... बारका दिन गोरखा जिल्ला. गाउँपालिका वडा नं ............. स्थित ...................... मा हामी तपशिलका व्यक्तिहरु भेला भई देहायबमोजिम गर्ने निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ....... | | | |

प्रस्तावहरुः

१. संस्था गठन तथा नाम र ठेगाना सम्बन्धमा ।
२. संस्थाको तदर्थ समिति गठन सम्बन्धमा ।
३. संस्थाको विधान मस्यौदा समिति सम्बन्धमा ।
४. विविध ।

निर्णयहरु :

**निर्णय नं १**

............................ महसुस गरी गैर सरकारी संस्था दर्ता गर्ने सहमती भएकोले "..............................." नामको संस्था गठन गर्ने र उक्त संस्थाको कार्यालय गोरखा जिल्ला शहिद लखन गाउँपालिका वडा नं...., ................. मा रहने गरी शहिद लखन गाउँपालिकामा दर्ता गर्ने निर्णय गरियो।

**निर्णय नं २**

संस्था दर्ता एवम् स्थापनाका प्रारम्भिक कामहरु सम्पन्न गरी विधान बमोजिम कार्यसमितिको निर्वाचन सम्पन्न गराउनको लागि देहाय बमोजिम .......(कम्तिमा ७ जना हुनुपर्ने) सदस्यीय तदर्त/प्रबन्ध समिति गठन गर्ने ।

देहाय

| क्र.सं. | पद | नाम थर | पेशा |
|---|---|---|---|
| १ | अध्यक्ष | | |
| २ | उपाध्यक्ष | | |
| ३ | सचिव | | |
| ४ | कोषाध्यक्ष | | |
| ५ | सदस्य | | |
| ६ | सदस्य | | |
| ७ | सदस्य | | |

**निर्णय नं ३**

प्रचलित कानून बमोजिम संस्थाको विधान मस्यौदा तयार गर्नका लागि देहायका ब्यक्तिहरु रहेको एक बिधान मस्यौदा समिति गठन गर्ने र उक्त समितिले विधानको मस्यौदा तयार गरी तदर्थ/प्रबन्ध समिति समक्ष पेश गर्ने । मस्यौदा समितिले पेश गरेको विधान तदर्थ/प्रबन्ध समितिले स्वीकृत गरी जिल्ला प्रशासन कार्यालयमा संस्था दर्ताको कार्य गर्ने ।

**बिधान मस्यौदा समिति**

१. ............................................................ **संयोजक**
२. ............................................................ **सदस्य**
३. ............................................................ **सदस्य**

**निर्णय नं ४**

अन्य केही निर्णय भए उल्लेख गर्ने ।

## अनुसूची २

## दफा ४ को उपदफा २ सँग सम्बन्धित

## तदर्थ समितिको बैठकको निर्णय ढाँचा

आज मिति २०............... साल...................... महिनाको .................. गते ..................... बारका दिन गोरखा जिल्ला शहिद लखन गाउँपालिका वडा नं ............. स्थित ........................(स्थानको नाम) मा हामी तपशिलका व्यक्तिहरु भेला भई देहायबमोजिम गर्ने निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | ठेगाना | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ....... | | | | |

प्रस्तावहरुः

१. संस्थाको विधान स्वीकृति सम्बन्धमा ।
२. संस्थाको दर्ताको अख्तियारी सम्बन्धमा ।
३. विविध ।

निर्णयहरु :

**निर्णय नं १**

मिति २०..................... को भेलाबाट गठित विधान मस्यौदा समितिले तयार पारेको विधान स्वीकृत गरी स्वीकृत विधान सहित संस्था दर्ताको लागि शहिद लखन गाउँपालिकाको कार्यालयमा अनुरोध गर्ने, साथै विधान मस्यौदा समितिका सदस्यहरुलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

स्वीकृत विधान सहित संस्था दर्ता सम्बन्धी कार्य सम्पन्न गर्नका लागि तदर्थ समितिका ........................... (पद र नाम), ................................................ (पद र नाम) र .................................. (पद र नाम) लाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं ३**

अन्य केही भए उल्लेख गर्ने ।

**अनुसूची ३**

**दफा ६ को उपदफा १ सँग सम्बन्धित**

**निवेदन पत्रको ढाँचा**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
शहिद लखन गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, घैरुङ्ग, गोरखा ।

महोदय,
हामीले ................. सम्बन्धी संस्था खोल्न चाहेकोले शहिद लखन गाउँपालिकाको, संस्था दर्ता ऐन, २०७९ बमोजिम संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौं।
प्रस्तावित संस्थाको विधानको एक प्रति पनि यसै साथ संलग्न गरिएको छ ।
विवरणः
१. संस्थाको नामः
२. संस्थाको ठेगानाः
३. संस्थाको उद्देश्यः
क)
ख)
ग)
४. प्रबन्ध/तदर्थ समितिका सदस्यहरुको विवरण

| क्र.सं. | पदाधिकारीको नाम, थर | पद | ठेगना | पेशा | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| १ | | अध्यक्ष | | | | |
| २ | | उपाध्यक्ष | | | | |
| ३ | | सचिव | | | | |
| ४ | | कोषाध्यक्ष | | | | |
| ५ | | सदस्य | | | | |
| ६ | | सदस्य | | | | |
| ७ | | सदस्य | | | | |

५.आर्थिक श्रोतः

मितिः

भवदीय
पदाधिकारीको नाम
दस्तखत

## अनुसूची ४

## दफा ९ को उपदफा १ सँग सम्बन्धित

## दर्ता किताबको ढाँचा

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ्ग, गोरखा

**संस्था दर्ता किताब**

| दर्ता नं. | दर्ता मिति | संस्थाको नाम र ठेगाना | संस्थाको उद्देश्य | संस्थाको पदाधिकारी एवं सदस्यहरुको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**अनुसूची ५**

**दफा ९ को उपदफा १ सँग सम्बन्धित**

**प्रमाण-पत्रको ढाँचा**

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ्ग, गोरखा
संस्था दर्ताको प्रमाण-पत्र

श्री अध्यक्षज्यू,
.............................................(संस्थाको नाम)
............................................. (संस्थाको ठेगाना)।

.................................................................. (संस्थाको नाम) शहिद लखन गाउँपालिकाको संस्था दर्ता ऐन, २०७९ को दफा ४ बमोजिम ......... साल ....... महिना .......... गतेमा दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।

दर्ता गर्ने अधिकारीको
दस्तखतः ......................
नामः ...........................
पदः .............................
मितिः ...........................

**नविकरणको विवरण**

| नविकरण मिति | नविकरण बहाल रहने अवधि | नविकरण दस्तुर | नविकरणको विवरण | नविकरण गर्ने अधिकारीको नाम र पद | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची ५

## दफा ९ को उपदफा १ सँग सम्बन्धित

## नविकरण किताबको ढाँचा

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ्ग, गोरखा

**संस्था नविकरण किताब**

| क.सं. | दर्ता नं. | दर्ता मिति | संस्थाको नाम र ठेगना | नविकरण मिति | नविकरण बहाल रहने अवधि | नविकरण दस्तुर | नविकरण गर्ने अधिकारीको नाम र पद | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |